# सवारी साधन लिलाम बिक्री गर्ने बारे

**बलेफी हाइड्रोपावर लिमिटेड**

**दरबारमार्ग-१, काठमाडौं, नेपाल**

**गोप्य शिलवन्दी बोलपत्र फारम**

**मिति: २०८३/……./……..**

श्री बलेफी हाइड्रोपावर लिमिटेड
दरवारमार्ग, काठमाडौं ।

**<u>विषयः सवारी साधन खरिद गर्न गोप्य शिलबन्दी बोलपत्र पेश गरिएको बारे ।</u>**

महोदय,

त्यस बलेफी हाइड्रोपावर लिमिटेडको नाममा दर्ता कायम तपसिलमा उल्लेखित सवारी साधन गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्ने बारे मिति २०८३/०१/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसारको तपसिलमा उल्लेखित सवारी साधन म/हामिले उल्लेखित मूल्य अनुसार सकार गर्न मेरो/हाम्रो मन्जुरी भएकोले यो गोप्य शिलबन्दी बोलपत्र पेश गरेको छु/छौं । यो बोलपत्र पेश गर्दा यसै फारमको पृष्ठ नं. ३ देखि ५ सम्ममा उल्लेखित (सि.नं. १ देखी १३ सम्मको शर्त बन्देजहरु पढी बुझी सो नियम एवं शर्त बन्देजहरु पालन गर्न मन्जुर भई यो बोलपत्र पेश गरेको छु/छौं । बोलपत्रमा माग गरिए अनुसार तपसिलमा उल्लेख गरे बमोजिमको सवारी साधन खरिद गर्नका लागि नियमानुसार कम्तीमा १०% ले हुन आउने धरौटी वापतको रकम रु ........................................................ (अक्षरुपी.................................................................................................................................... मात्र) त्यस कम्पनीको खातामा रकम जम्मा गरेको भौचर/ कम्पनीको नाममा खिचिएको A/C Payee चेक यसै साथ संलग्न गरेको छु/छौं ।

मेरो/हाम्रो बोलपत्र स्वीकृत भएमा बोलपत्र फारम साथ संलग्न नियम एवं बन्देजहरु अनुसार तपसिलमा उल्लेखित सवारी साधनहरु खरिद गर्न मन्जुर गर्दछु/छौं । बोलपत्र फारममा उल्लेखित नियम एवं शर्त बन्देजहरु पालना नगरेमा वा तपसिलमा उल्लेखित सम्पत्ति तोकिएको समयमा खरिद गरी नलिएमा वा नियम एवं शर्त बन्देजहरुको पालना नगरी उल्लंघन गरेमा धरौटी वापतको रकम त्यस कम्पनीले जफत गरेमा मेरो/हाम्रो मन्जुर छ ।

## <u>तपसिल</u>

**<u>गोप्य शिलवन्दी बोलपत्र आह्वान गरिएको सवारी साधन तथा सकार गर्न चाहेको मूल्य :</u>**

क) बलेफी हाइड्रोपावर लि. को नाममा दर्ता रहेको Toyota Hilux (२०१७), दर्ता नं. बा १८ च ४३५१, इन्जिन नं: 1**GD-423641** च्यासिस नं: **MROBA8CD900230043** भएको १ थान सवारी साधन सकार गर्न पेश गरेको मूल्य रु...................................../- (अक्षरुपी ........................................................................................ ........................................................................... मात्र) ।

ख) बलेफी हाइड्रोपावर लि. को नाममा दर्ता रहेको Nissan Micra Active (२०१८), दर्ता नं बा २० च ६९०३, इन्जिन नं: १ **806770D** च्यासिस नं: **MDHFBUF13J7600338** भएको १ थान सवारी साधन सकार गर्न पेश गरेको मूल्य

रु......................................../-  (अक्षरुपी  ..........................................................................................................
.................................................................................... मात्र)।

ग) बलेफी हाइड्रोपावर लि. को नाममा दर्ता रहेको Mahindra Bolero (२०१७), दर्ता नं बा १८ च ५९३१, इन्जिन नं: GHH4K57752 च्यासिस नं: MA1RU4GHKH3K89615 भएको १ थान सवारी साधन सकार गर्न पेश गरेको मूल्य रु......................................../-  (अक्षरुपी  ..........................................................................................................
.................................................................................... मात्र)।

**<u>गोप्य शिलबन्दी बोलपत्रदाताले पालन गर्नुपर्ने नियम एवं शर्त सुविधाहरु:</u>**

१. बोलपत्रदाताले यस कम्पनीको केन्द्रीय कार्यालयको प्रशासन विभागबाट वा कम्पनीको वेभसाईट *www.balephihydro.com* बाट गोप्य शिलबन्दी बोलपत्र फारम डाउनलोड गरी माग गरे बमोजिमको सम्पूर्ण विवरण भरी, आवश्यक कागजात संलग्न गरी २०८३/०१/०४ गतेदेखि २०८३/०१/२४ गतेसम्म, बिहान १०:०० बजे देखि साँझ ६:०० बजेसम्म बोलपत्रदाता वा निजको प्रतिनिधिले दरबारमार्ग–१, काठमाडौं स्थित कम्पनीको केन्द्रिय कार्यालयमा आईपुग्ने गरी पेश गर्नुपर्नेछ।

२. शिलबन्दी बोलपत्र पेश गर्दा बोलपत्रदाताले श्री प्राईम कमर्सियल बैंक लिमिटेड, कमलपोखरी, काठमाडौं स्थित यस कम्पनीको चल्ती खाता नं. 00101000000762900120 मा दर्ता शुल्क बापत रु. १,०००/- (फिर्ता नहुने) जम्मा गरेको भौचर तथा आफूले कबुल गरेको रकमको कम्तीमा १०% धरौटी रकम नगद जम्मा गरेको भौचर वा कम्पनीको नाममा खिचिएको A/C Payee चेक बोलपत्र फारमसँगै अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

३. बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनीको बोलपत्र पेश गर्ने निर्णय र अख्तियारनामा समेत बोलपत्र फारमसँगै पेश गर्नुपर्नेछ।

४. रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन।

५. तोकिएको समय सीमा भित्र प्राप्त भएका शिलबन्दी बोलपत्रहरू मिति २०८३/०२/०४ गते सोमबार दिनको १:०० बजे कम्पनीको केन्द्रीय कार्यालयमा बोलपत्रदाताहरू वा निजका प्रतिनिधिहरु र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

६. शिलबन्दी बोलपत्रमा उल्लेखित रकम कम्पनीलाई चित्त बुझ्दो नभएमा बोलपत्र स्वीकृती गर्ने/नगर्ने वा अधिकतम अंकको बोलपत्र पेश गर्ने बोलपत्रदातासँग कम्पनीले मुल्य वार्ता (Negotiation) गर्ने सम्बन्धी समेत सम्पूर्ण अधिकार यस कम्पनीमा नै निहित रहनेछ। साथै, बोलपत्र स्वीकृत नगरेको अवस्थामा कुनै कारण खुलाउन कम्पनी बाध्य हुने छैन।

७. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा कम्पनीले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी रकम कम्पनीले जफत गर्न सक्नेछ।

८. शिलवन्दी बोलपत्र स्वीकृत नभएका ब्यक्ति तथा संस्थाहरुले धरौटी स्वरुप पेश गरेको रकम कम्पनीले शिलबन्दी बोलपत्र खोलेको मितिले ७ दिन भित्रमा बोलपत्रदातालाई फिर्ता गर्ने छ ।

९. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सवारी साधन के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ । केरमेट गरेको ठाँउमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कबूल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०. लिलाम बिक्रीका लागि राखिएको सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

११. नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सवारी साधनको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

१२. बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ ।

१३. इच्छुक बोलपत्रदाताले लिलाम बिक्री हुने सवारी साधन सम्बन्धी कागजात हेर्न, सवारी साधन सम्बन्धी विस्तृत जानकारी लिन वा स्थलगत निरीक्षण गर्न चाहेमा यस कम्पनीको केन्द्रिय कार्यालयको प्रशासन विभागमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**भवदीय,**

दस्तखत (पुरा रुपमा) …………………..........

बोलपत्रदाताको नाम थर: ……………………………………………………….

ठेगाना, टेलिफोन नं. समेत: ……………………………………………….

(फर्म वा कम्पनी भएमा छाप)

यदि फर्म वा कम्पनी भएमा रजिष्ट्रर्ड नं.: …………………………..

र्फम वा कम्पनी रजिष्ट्रर्ड भएको कार्यालय: …………………………..

फर्म वा कम्पनीको बोलपत्र पेश निर्णय तथा अख्तियारनामाको प्रतिलिपि